प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०




वर्ष-१७ ।। अङ्क : १२५ ॥ २०८२ जेठ ३१ गते शनिबार (14th June 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


# बिर्तामोडकी महिलालाई कोरोना संक्रमण

झापा(प्रस)। कोरोना भाइरसको नयाँ भेरियन्ट देखा परेयता पहिलो पटक झापामा संक्रमण देखा परेको छ । बिर्तामोड-५ की ५२ वर्षीया एक महिलामा कोरोना भाइरसको नयाँ भेरिएन्ट पोजिटिभ देखिएको हो । बिहीवार बिर्तासिटी अस्पतालमा परीक्षण गराउँदा ती महिलाको रिपोर्ट पोजिटिभ आएको हो ।

कोरोनासंग मिल्ने लक्षण पाइएपछि एन्टीजेन टेस्ट गराउँदा शुक्रवार रिपोर्टमा पोजिटिभ देखिएको बिर्तामोड नगरपालिकाका फोकल पर्सन ओम खड्काले बताए । उनले ती संक्रमित महिलासहित घरका सबै सदस्यहरुलाई होम आइसोलेसनमा राखिएको जानकारी दिए । खड्काका अनुसार तीन दिनपछि सम्पूर्ण सदस्यहरुलाई कन्ट्र्याक्ट ट्रेसिङ गरिने छ । हाल उनको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ। घरमै बस्ने गरेकी ती महिलालाई कसरी सर्यो भनेर खुल्न सकेको छैन । ती महिलाको



प्रादेशिक ल्याबमा पीसीआर परीक्षण गरिने स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले बताए । उनले कोरोनाबाट आत्तिहाल्नु पर्ने अबस्था नरहेको बताए । झापामा कोरोना संक्रमणप्रति सतर्कता अपनाउन थालिएको छ । भारतबाट कोरोना संक्रमितहरु प्रवेश गर्न सक्ने भएकाले पूर्वी नाका काँकरभिट्टामा रहेको हेल्थ डेस्कलाई सक्रिय बनाउँदै नाकाबाट प्रवेश गर्नेहरुलाई जाँच गरिने भएको छ । जाँच गर्नका लागि हेल्थ डेस्कमा कर्मचारी थपिएको छ । जनशक्ति थप गरिसकेपछि आवश्यक किट मगाएर स्वास्थ्य जाँच थालिने स्वास्थ्य कार्यालय प्रमुख बाराकोटीले बताए । उनले पालिकाहरुसंग किट मगाइएको जानकारी दिए । जनचेतना कार्यक्रमअन्तर्गत प्रचार प्रसार ,क्वारेन्टाइन व्यवस्थापनलगायतका कार्यक्रम पनि संचालन गर्न लागिएको उनले बताए ।

यसअघि कोरोना संक्रमणबाट झापामा २८ हजार ९०८ जना संक्रमित भएका थिए । त्यसमध्ये ६७२ जनाको मृत्यु भएको थियो । झापामा १ लाख ३८१ जनालाई पीसीआर टेस्ट र ४२ हजार ४१० जनालाई एन्टीजेन टेस्ट गरिएको थियो ।

# साढे पाँच लाखको मोबाइलसहित भारतीय पक्राउ



झापा(प्रस)। करिव साढे पाँच लाख मूल्यको अवैध मोबाइलसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । बिहीवार दिउँसो ३:३० बजे मेचीनगर नगरपालिका १२ धुलाबारी बस स्ट्याण्डमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले धुलाबारीबाट इटहरी जाने बसमा चढ्न लागेका भारत बंगाल बस्ने ६५ वर्षीय नुर आलमलाई अवैध मोबाइलसहित पक्राउ गरेको हो । उनले भन्सार छली १३ वटा मोबाइल ल्याएका थिए ।

५ लाख ४० हजार मूल्य बराबरको मोबाइलसहित आलमलाई आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालय काँकडभिट्टा पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# अबैध चिनीसहित पिकअप र चालक नियन्त्रणमा



झापा(प्रस)। भन्सार छली लुकाई छिपाई ल्याउँदै गरेको अबैध सामानसहित पिकअप र चालक प्रहरीले नियन्त्रणमा लिएको छ ।

बिहीवार दिउँसो ३:४० बजे बिर्तामोड ५ सुब्बा चौकमा मे.१ च ६२८४ नं को पिकअपमा भन्सार छली लुकाई छिपाई सामान ल्याएको भनी गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले ५० केजीको दरले २५ बोरा चिनी बरामद गरेको थियो ।

अन्दाजी १ लाख २५ हजार मूल्य बराबरको चिनी र १२ लाख मूल्य बराबरको पिकअप बरामद गरी सामान धनी कन्काई ८ बस्ने ३२ वर्षीय नारायण सिटौलालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सामानसहित सिटौलालाई इप्रका बिर्तामोडमा ल्याई राखेको र भन्सार कार्यालय बुझाउन आवश्यक कारवाही भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# दुर्गा प्रसाईँलाई थुनामा पठाउन आदेश

झापा(प्रस)। बीएण्डसी हस्पिटलका संचालक दुर्गा प्रसाईँलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ ।

तीनकुने घटनाबारे थुनछेक बहस पुरा भएसँगै बिहीवार राति काठमाडौँ जिल्ला अदालतका न्यायाधीश ध्रुबराज कार्कीले सो आदेश दिएका हुन् ।

२०८१ चैत १५ मा काठमाडौँको तीनकुनेमा पूर्वराजाको पक्षमा प्रदर्शनको नाममा अवाञ्छित गतिविधि गरेको आरोपमा सरकारी वकिलले ५० जनाविरुद्ध राज्यविरुद्ध समेतको कसुरमा जेठ ११ मा अभियोजन गरेको थियो । तीमध्ये दुर्गा प्रसाईँसहित ३९ जना प्रहरीको हिरासतमा थुनामा थिए ।प्रसाईँ विरुद्ध सरकारले राज्य विरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, सङ्गठित अपराध र एकीकृत कसुरमा सजाय हुन मागदावी लिएको थियो। प्रसाईँको तर्फबाट बरिष्ठ अधिवक्ताहरू रमन श्रेष्ठ, डा. सुरेन्द्र भण्डारी, टंक दुलाल, डा. भिमार्जुन आचार्य, बालकृष्ण न्यौपाने, सुशिल पन्त, लवकुमार मैनाली, अधिवक्ता दिपेन्द्र झा, रेनुकादेवी सिटौला, दिवस खड्गी, लवान न्यौपाने र अधिवक्ता मनिष पाण्डेले बहस गरेका थिए । काठमाडौँ जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता रामहरि शर्मा काफ्लेसहित चार जनाले प्रतिवादी तर्फका कानुन व्यवसायीले उठाएको प्रश्नको जवाफ दिएका थिए ।

काठमाडौं जिल्ला अदालतले व्यवसायी प्रसाईंलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएसंगै उनको क्यान्सर अस्पतालमा उपचारको व्यवस्था गर्न पनि भनेको छ।

अधिवक्ता स्वागत नेपालका अनुसार, अदालतको इतिहासमा यस्तो प्रकारको आदेश पहिलो पटक भएको हो, जसमा थुनामा रहेका व्यक्तिको उपचारको व्यवस्था मिलाउन भनिएको छ।

त्यस्तै तीनकुनेमा आवन्छित गतिविधिमा गरेको आरोपमा पक्राउ परेका दुर्गा प्रसाईँबाहेक अन्य ६ जनालाई समेत काठमाडौँ जिल्ला अदालतले थुनामा पठाउन आदेश दिएको छ । न्यायाधीश कार्कीको इजलासले ज्यान मुद्दामा अभियोजन गरिएकामध्ये जम्मा ७ जनालाई थुनामा पठाउन आदेश दिएको हो । पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएकाहरूमा घर आगजनी र समाचार सङ्कलन गर्न गएका पत्रकार सुरेश रजकको हत्यामा संलग्न आरोपीहरूसहित छन् । अदालतले प्रसाईंसहित सरोज गौतम, गोकर्ण शाही,दण्डपाणि रेग्मी, सुशिल बराल, केशव बस्नेत र जितबहादुर श्रेष्ठलाई थुनामा पठाउन आदेश दिएको छ । आगजनीमा रामेछापको सुनापति गाउँपालिका घर भएका सरोज गौतम र अछाम पञ्चदेवलका गोकर्ण शाही संलग्न रहेको प्रहरीको अनुसन्धान निष्कर्ष छ ।

तीनकुनेमा आवन्छित गतिविधिमा

❖ बाँकी अन्तिम पृष्ठमा

# हाँसी हाँसी जेल गए दुर्गा प्रसाईँ

झापा(प्रस)। बीएण्डसी हस्पिटलका संचालक दुर्गा प्रसाईँ अदालतको आदेशलाई सम्मानका साथ स्वीकार गर्दै हाँसी हाँसी जेल गएका छन् ।

तीनकुने घटनाबारे थुनछेक बहस पुरा भएसँगै बिहीवार राति काठमाडौँ जिल्ला अदालतका न्यायाधीश ध्रुबराज कार्कीले प्रसाईँलाई थुनामा पठाउने आदेश दिएका थिए। अदालतको आदेशसंगै प्रसाईँसहित सातजनालाई राति १ बजे डिल्लीबजार कारागार चलान गरिएको हो। अदालतको आदेशपछि एक सन्देश जारी गर्दै प्रसाईले आफू कति पनि बिचलित नभइ हाँसी हाँसी जेल जान तयार भएको बताएका छन् । आफूले यसलाई हाँसी हाँसी

❖ बाँकी अन्तिम पृष्ठमा





हार्दिक बधाई तथा शुभकामना



भारत राजस्थानको खाटु धाममा जुन १२ तारीख २०२५ मा भएको अन्तर्राष्ट्रिय द्वितीय अग्र विभूति अलंकरण समारोह - २०२५ मा यस अग्रसेन भवन बिर्तामोडका अध्यक्ष श्री सुरेशकुमार अग्रवाल "भद्रपुरे" विश्वको ३७ जनामध्ये अग्र श्री शिरोमणि पुरस्कारबाट समाजसेवाको क्षेत्रमा सम्मानित हुनु भई सम्पूर्ण अग्रवाल समाज र मारवाडी समाजको गौरव बढाउनु भएकोमा अग्रसेन भवन बिर्तामोड परिवार अन्तर हृदयबाट उच्च सम्मानका साथ हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै आगामी दिनहरूमा समाजसेवाका सम्पूर्ण कार्यहरुमा सदैव योगदान पाइरहने आशा र भरोसाका साथ उहाँको उन्नति, प्रगति र उज्ज्वल भविष्यको कामना गर्दछौं।

दिपेन्द्रकुमार अग्रवाल
सचिव

रमेश अग्रवाल
कार्यवाहक अध्यक्ष

अग्रसेन भवन परिवार
बिर्तामोड-५ , झापा

# बिनाझन्झट सेवा दिन व्यवसायीको माग

मेचीनगर(प्रस) । झापाको धुलाबारीमा आयोजित एक कार्यक्रममा उद्योगी-व्यवसायीले विनाझन्झट सेवाग्राहीलाई अनलाइन सिस्टमबाट सेवा दिन आग्रह गरेका छन् ।

शुक्रबार घरेलु तथा साना उद्योग कार्यालय झापाले धुलाबारीमा मेची उद्योग बाणिज्य संघको समन्वयमा आयोजना गरेको 'उद्योग दर्ता प्रक्रिया तथा नियमन विषयक' अन्तरक्रिया कार्यक्रममा उद्योगी-व्यवसायीहरुले त्यस्तो आग्रह गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि मेची उद्योग बाणिज्य संघका अध्यक्ष खेमराज प्रसाईले उद्योग कार्यालय कार्यालयमा फाइल हराउने र धेरै अनियमितता हुने गरेको दावी गरे । उनका अनुसार यस प्रवृतिलाई कार्यालयले सुधार गर्नु पर्छ ।

होटल व्यवसायी संघका मेचीनगर अध्यक्ष सुरेशकुमार श्रेष्ठ (गोपाल)ले घरेलु तथा साना उद्योग कार्यालयमा कुनै पनि फर्म दर्ता गर्न जाँदा ढिलासुस्ती हुने गरेको वताए ।

उनका अनुसार सेवाग्राहीलाई कुनै पनि सास्ती र झन्झट नदिई कार्यालयबाट सेवा दिनु पर्छ । समयको बचत र कागजी झन्झट मुक्त गर्न अब कार्यालयले अनलाइन सिस्टमको विकास गर्नु पर्ने उनको भनाई छ ।



नेपाल भेनियर उत्पादक संघका अध्यक्ष श्यामप्रसाद न्यौपानेका अनुसार उद्योग खोल्न जसरी सजिलो छ, यसको कार्यान्वयनको पाटोमा कार्यालयको नीति नियम झन्झट रहेको छ ।

अन्तरक्रिया कार्यक्रममा महिला उद्यमीहरु सीता पोखरेल, लीला आचार्य, शान्ति चौधरी लगायतले उत्पादन गरिएका झोला, क्रिस्टलका माला, ढाकाका सामग्री लगायतको बजारीकरण नभएकाले उद्यमशील महिलाहरुलाई उद्योग दर्ता, नवीकरणमा छुटको व्यवस्था र प्रवर्द्धनमा सहयोग गर्न आग्रह गरेका थिए ।

त्यस्तै मेची उद्योग बाणिज्य संघका संस्थापक अध्यक्ष पन्नालाल जैनले उद्योग दर्ता महंगो रहेको बताए । उद्योगी-व्यवसायीको हितमा हुने नीति निर्माण हुनु पर्नेमा उनले जोड दिए ।

बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष कपिल क्षेत्री (किशोर) ले स्वागतसहित कार्यक्रममा ऋण खान र छोराछोरी विदेश पठाउन मात्र उद्योग दर्ता नगर्न आग्रह गर्दै कार्यालयले मापदण्डको दायरा फराकिलो पारेर व्यवसायीलाई संरक्षण गर्नु पर्ने बताएका थिए ।

घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरकी प्रमुख पुष्पलता उप्रेतीले कर्मचारीले कानून कार्यान्वयन मात्र गर्ने बताइन् । कस्तो नीति निर्माण गर्ने भन्ने कुरा जनप्रतिनिधि र राजनीतिक अगुवाहरुले गर्ने उनको स्पष्ट धारणा थियो ।

बजेट भाषणमा आएका कुराहरुलाई संघीय र प्रदेश सरकारले आर्थिक ऐनमा समावेश गरेपछि मात्र कार्यान्वयनमा लान सकिने उनको भनाई छ ।

उनले पर्याप्त कर्मचारी नभएको र २०३५ सालदेखिका फाइल व्यवस्थित नभएका कारण सेवालाई अनलाइन सिस्टममा लान केहि समस्या भइरहेको स्वीकारेकी छन् । उनले उद्योग दर्ता, नवीकरण र खारेजीका विषयमा जानकारी गराएकी थिइन् ।

घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरका अधिकृत छैटौं जानकी भट्टराईले प्रविधि हस्तान्तरणका विषयमा जानकारी गराएका थिए ।

कार्यालय प्रमुख उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बाणिज्य संघका कार्यकारी निर्देशक गोपाल वस्नेतले गरेका थिए ।

# विपदमा खटिन कचनकवलका १४ जनालाई तालिम



झापा(प्रस) । विपद्‌मा खटिनका लागि झापा कचनकवलका १४ जना स्वयंसेवकलाई सशस्त्र प्रहरीले तालिम दिन थालेको छ। सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हे.क्वा. झापाले शुक्रवारदेखि १८ दिने समुदाय विपद् स्वयंसेवक तालिम संचालन गरेको हो । १४४ पिरियडको तालिममा विपद् सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिइने छ । तालिममा प्रशिक्षार्थीहरुलाई विपद्‌को परिचय, नेपालमा घट्न सक्ने सम्भावित विपद्‌हरु, विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बल नेपालको भूमिका, विपद्‌को समयमा अन्य सरोकारवाला निकायहरुसंग गरिने समन्वय, भत्केका संरचनाहरुमा गरिने खोज तथा उद्धार, जल उत्पन्न प्रकोप र त्यसमा गरिने उद्धार, डोरीद्धारा गरिने उद्धार, अग्नि नियन्त्रण, प्राथमिक उपचार तथा सडक दुर्घटना जोखिम न्यूनीकरण लगायत विविध विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिने गणपति सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारीले जानकारी दिए । उनले विपद् स्वयंसेवक आधारभूत तालिम पाठ्यक्रम २०८१ र विपद् स्वयंसेवक परिचालन विस्तारित तालिम पाठ्यक्रम २०८१ बमोजिम खोज तथा उद्धारमा खटिने स्वयंसेवकको क्षमता विकास गर्नुका साथै विपद् स्वयंसेवकहरुलाई स्तरीय आधारभूत तालिम प्रदान गरिने बताए । कचनकवल गाउँपालिकाको सहकार्यमा संचालित तालिममा गाउँपालिकाका सातै वडाको प्रतिनिधित्व हुने गरी १४ जना प्रशिक्षार्थी सहभागी छन् । कचनकवल गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशी र प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष गोपालकुमार अधिकारीले संयुक्तरूपमा तालिम उद्‌घाटन गरेका थिए । उद्‌घाटन कार्यक्रममा गणपति सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले स्वागत मन्तव्यसहित तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष अधिकारीले यस क्षेत्रमा विभिन्न प्रकारका प्राकृतिक तथा मानव सृजित विपद्‌को जोखिम उच्च रहेकोले त्यस्ता चुनौतीहरूलाई सामना गर्न समुदाय स्तरमै दक्ष जनशक्ति उत्पादन गर्नु एक महत्वपूर्ण उपलब्धी हुने बताए । उनले यस्ता तालिम झापाका अन्य पालिकाहरूमा समेत गराउन आवश्यक रहेको जोड दिँदै तालिम सफलताको शुभकामना दिएका थिए ।

कचनकवल गाउँपालिकाका अध्यक्ष राजवंशीले यस प्रकृतिको तालिम आफ्नो पालिकामा संचालन गर्न पाउँदा अत्यन्त हर्षित भएको बताए । यस तालिमबाट प्रशिक्षार्थीहरूलाई प्राप्त हुने सैद्धान्तिक तथा व्यवहारिक ज्ञानले भोलीका दिनहरूमा हुनसक्ने विपद् प्रकोप उद्धारमा महत्वपूर्ण सहयोग प्रदान गर्ने बिश्वास ब्यक्त गरे । सो तालिम असार १९ गतेसम्म सञ्चालन हुनेछ ।

# मोरङमा सर्पले डसेर फेरि एकजनाको मृत्यु



झापा(प्रस)। मोरङमा सर्पले डसेर फेरि एकजनाको मृत्यु भएको छ ।

शुक्रवार बिहान ६ बजेतिर सर्पले डसेर मोरङ पथरीशनिश्चरे नगरपालिका ६ मंगलबारे बस्ने ६० वर्षीया मेघादेवी मण्डलको मृत्यु भएको हो । उनलाई आफ्नै घरमा आँगन बढार्ने क्रममा गोमन सर्पले दाहिने खुट्टामा डसेको थियो । उनलाई उपचारको लागि दमकतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

सर्पले डसेर मोरङमा बिहीवार पनि एक जनाको मृत्यु भएको थियो । बेलबारी नगरपालिका-५ सोमबारेकी एक बालिकाको सर्पले डसेर हिजो दिउँसो मृत्यु भएको थियो । मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालका अनुसार सर्पले टोकेर घरमै सुतिरहेकी सीता रायमाझीकी ८ वर्षीया छोरी सन्ध्या रायमाझीको मृत्यु भएको हो। बालिकालाई दिउँसो ४ बजेतिर सर्पले टोकेको प्रारम्भिक अनुसन्धानबाट खुलेको चुँडालले बताइन्।

गम्भीर घाइते बालिकालाई उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पुर्याइएको थियो। अस्पताल पुर्याउनसाथ चिकित्सकले मृत घोषित गरेको जानकारी डीएसपी चुँडालले दिइन्।

# 'गणपति बेकरी रोड व्यवसायी उपसमिति' गठन

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले प्रजित पुरीको संयोजकत्वमा 'गणपति बेकरी रोड व्यवसायी उपसमिति' गठन गरेको छ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा आयोजित कार्यक्रमका बीच पुरीको संयोजकत्वमा २९ सदस्यीय उपसमिति गठन गरेको हो ।

समितिको सहसंयोजकमा केवलराज गड्तौला , सचिवमा लक्ष्मी थापा र कोषाध्यक्षमा सरिता नेपाल रहेका छन् ।

समितिको सदस्यहरूमा चिरञ्जीवी अधिकारी, राजेश जोधानी, कुशल अग्रवाल ,बिदुर खनाल, दिक्षेन शेर्पा , आयुष बजगाई ,आशिष शर्मा ,रबिन ढकाल, बिदुर खनाल, देवेन्द्र केसी, विपिन मैनाली ,राजकुमार राई ,मनिष न्यौपाने, बिरन थापा, बिनिता बजगाई ,रजनी बजगाई ,रजु ढकाल, प्रह्लाद थापा, डम्बर बिमली, सुनिरा गिरी, कुमार श्रेष्ठ ,डम्बर सुब्बा, दीपक अधिकारी ,अभिषेक आचार्य ,मधुसुदन अधिकारी र रवि चौधरी रहेका छन् ।

त्यस्तै सल्लाहकार समितिमा फणिन्द्र न्यौपाने ,चण्डी ढकाल, गोपाल अग्रवाल ,गोपाल बजगाई ,दिल्ली न्यौपाने, याम बराइली, धनकुमारी पराजुली ,रामनारायण चौधरी र राजेश गिरी र सुष्मा भण्डारी पौडेल रहेका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघका विशिष्ठ सदस्य निर्मल भट्टराईले स्वागतसहित औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको संचालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

यसैबीच संघका अध्यक्ष न्यौपानेले उपसमिति संयोजक पुरीलाई फोहोर व्यवस्थापनका लागि भन्दै डस्टविन प्रदान गरेका थिए ।

## दुर्गा ...

स्विकारेको उनले उल्लेख गरेका छन् ।

उनले सन्देशमा भनेका छन् , '२०८१ साल, चैत्र १५ गते काठमाडौंको तीनकुनेमा आयोजित हाम्रो शान्तिपूर्ण कार्यक्रममाथि राज्यले गरेको बर्बर दमन र षड्यन्त्रको चक्रव्यूँहमा परेर म लगायत दर्जनौं देशभक्त न्यायप्रेमी अभियन्ता साथीहरूविरुद्ध लगाइएका झुटा मुद्दाहरूमा आज ७८ दिनपछि काठमाडौं जिल्ला अदालतमार्फत जुन फैसला भएको छ ,सर्वप्रथम म सम्मानित न्यायालयप्रति म र मेरो अभियानको तर्फबाट उच्च सम्मान प्रकट गर्दछु।

न्यायालयबाट मलाई आपराधिक उपद्रव मुद्दामा पुर्पक्षका लागि कारागार पठाउने निर्णय भएको छ । म कति पनि बिचलित नभइ हाँसी हाँसी जेल जान तयार भएको कुरा सबै सामु अवगत गराउँदछु । मैले यसलाई हाँसी हाँसी स्विकारिरहेको छु । यो निर्णयले मेरो शरीर त के रौं पनि हल्लिने छैन । किनकि म तस्कर दलाल र भ्रष्ट होइन । मैले देश र जनता बेचेर खाएको छैन । कहिल्यै कुनै पनि गलत काम गरेकै छैन । मलाई बिश्वास छ , सत्यको शक्ति अगाडि झुट कहिल्यै टिक्दैन। भगवानको घरमा ढिलो हुन सक्छ, तर अन्याय हुँदैन। सत्य सावित गर्न मैले पटक-पटक अग्निपरीक्षा दिइरहेको छु। म कति पनि गलेको छैन । तपाईंहरू धैर्य गर्नुहोस्, म सत्य र आत्मबिश्वासमा अडिग रहने छु । मभित्र अथवा वाहिर हर असत्यका हरेक पासाहरुलाइ पलपल जितिरहेको छु। मैले हरेस खाएको छैन, न त विचलन नै भएको छु। यो तस्कर र भ्रष्ट सरकारसँग म बाँचुन्जेल घुँडा टेक्ने र शिर झुकाउने छैन। शरीरमा एक थोपा रगत र एक मठी सास रहेसम्म लड्छु र भ्रष्टहरूलाई घुँडा टेकाएरै छोड्ने छु। इतिहासका कालखण्डहरुमा सरकारले गरेको अन्याय र नागरिक दमनविरुद्ध आवाज बुलन्द गर्दा शहीद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा लगायतका योद्धाहरूलाई मृत्युदण्डको सजाय दिइएको थियो ।जसको बलिदानले युग मात्र परिवर्तन भएन, मरेर पनि इतिहासका पानामा सदा सदाका लागि जीवित भए । त्यही आत्मविश्वास र साहसले म पनि अघि बढिरहेको छु। काठमाडौंको कुलेश्वरमा रहेको त्यो ऐतिहासिक खरीको बोट अझै जीवित छ, मलाई त्यही खरीको बोटमा लगेर झुण्ड् याऊ । पटक पटक थुन । मेरो आस्था विचार र स्वाभिमान न झुक्छ न थुनिने नै छ । यो त झन् अजर,अमर र अभिनाशी भएर नेपालीका मन मुटुमा चम्किरहने छ । तिमी भ्रष्टहरुसंग म कदापि झुक्ने छैन । मलाई यिनीहरुले थुनामा राख्न वा शारीरिक रूपले समाप्त गर्न सक्लान्, तर मेरो देश र जनताप्रतिको माया र समर्पण कहिल्यै समाप्त हुने छैन । किनकी मैले देखेको सपना र रोपेको बिरुवा स्वार्थको होइन, देश र जनताप्रति सेवा र समर्पणको हो ।म मरे मारिए पनि मेरा विचार अब सदा जीवित रहने छन् ।यसर्थ, मेरा सम्पूर्ण शुभचिन्तक, शुभेच्छुक मान्यजनहरूलाई म शान्ति, धैर्य र साहसका साथ कति पनि विचलित नभइ मेरो प्रतीक्षा गर्न हार्दिक अनुरोध गर्दछु।

म भ्रष्ट र तस्करहरूले लगाएका सारा झुटा मुद्धाका पर्खालहरुलाई एक-एक गरि भत्काउँदै , समाप्त पारेर, तपाईंहरूको पीडा र अभावमा मल्हमपट्टी लगाउन छिट्टै आउनेछु। तबसम्म मलाई पर्खिरहन सबै सबैमा म हार्दिक अपिल गर्दछु ।'

## हाँसी...

गरेको आरोपमा पक्राउ परेका ३२ जनालाई अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको छ । बिहीबार मध्यराति काठमाडौं जिल्ला अदालतका न्यायाधीश कार्कीले ७ जनालाई पुर्पक्ष र अन्यलाई धरौटीमा रिहा गर्न आदेश दिएका हुन् ।

दुर्गा प्रसाईं समर्थक युवा समूह एटिएफमा आबद्ध हरिहर चौलागाईं लाई १ लाख धरौटीमा रिहा गर्न आदेश गरिएको छ । सन्तोष राजावादी भनेर चिनिने सन्तोषकुमार सिलवाललाई १ लाख र हेमराज थारु 'भिम'लाई अदालतले १ लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

गोपाल मल्ल ठकुरीलाई २० हजार, पशुपति खड्कालाई १० हजार, विष्णु पराजुली १० हजार, पुष्कर खतिवडा २० हजार, मुनेन्द्र राजभण्डारी १० हजार, कुमार बस्नेत २० हजार, अनिलकुमार थापा १० हजार, तारानाथ बोहरा १० हजार, दानबहादुर न्यौपाने १० हजार र उमेश तामाङलाई १० हजार धरौटीमा रिहा गर्न अदालतले आदेश दिएको छ ।

अदालतले भानुभक्त पौडेलसँग १० हजार, विष्णुजंग बस्नेतसँग १ लाख, देवीप्रसाद संग्रौलासँग १० हजार, प्रेम थापा मगरसँग १० हजार, ओमप्रकाश लुइँटेलसँग १० हजार, तेजेन्द्र रायमाझीसँग १० हजार, मनबहादुर कालासँग २० हजार, निराजनकुमार गिरीसँग ५० हजार र प्रेमबहादुर श्रेष्ठसँग ५० हजार धरौटी लिएर रिहा गर्न आदेश दिएको छ ।

रमेश राईलाई २० हजार, दिवस बोगटी क्षेत्रीलाई १० हजार, दिलकुमार श्रेष्ठलाई १० हजार, कमलकुमार विष्टलाई २० हजार, लोकबहादुर बस्नेतलाई २० हजार र दिनेश खड्कालाई ५० हजार धरौटीमा छाड्न आदेश दिइएको छ ।

त्यस्तै अमित शाह ५० हजार, सुमन कार्की १० हजार, जितबहादुर श्रेष्ठ ५० हजार र मनोजकुमार सापकोटासँग १० हजार

धरौटी लिन आदेश गरिएको छ । तीनकुनेमा दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले चैत १५ मा प्रदर्शन गरेको थियो । प्रदर्शन स्थलमा आगजनीमा परेर पत्रकार सुरेश रजक र प्रहरीको गोली लागेर कीर्तिपुर नगरपालिका-४ बस्ने २९ वर्षीय सविन महर्जनले ज्यान गुमाएका थिए ।

## एमालेमा....

फोन गरेर नेकाजस्तो देशको एक प्रमुख पार्टी समेत विभाजित हुनु जाती होइन भनेकी थिइन् । राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र सम्प्रभुताकी प्रवल पक्षधर, देश र जनताको हितलाई सर्वोपरि महत्व दिने अन्तर्राष्ट्रिय छवि बनाएकी विद्या भण्डारीको छहारी एमालेले पाउनु सौभाग्यको विषय हो । एमालेको अहिलेको कार्यकाल र ओली प्रधानमन्त्रीत्वको अवधि देश र जनताका हितमा अत्यन्त सकारात्मक छ । यही सकारलाई सापेक्षतामा स्वीकार गर्दै अगाडि बढ्ने कुरामा धेरै नेताको सोचमा खोट देखिन्छ । पार्टी स्थायी समिति सदस्य नै समग्र र अंश,सापेक्ष र तुलनाका आधारमा सरकार पार्टीको मूल्याङ्कन गर्दा रहेनछन् । व्यक्तिको जीवनमा १०,२० वर्षको अवधि धेरै हुन्छ तर देशको जीवनमा उक्त अवधि १० र २० दिन बराबर हुन्छ । अनि अहिले नै अथवा पूरा अवधि पनि सञ्चालन गर्न नपाउने सरकारले के ठोस काम गर्न सक्छ र ? पाँचै वर्ष सरकार सञ्चालन गरे पनि देशमा गाँस, बास र कपासको व्यवस्था गर्न सकेन, उद्योगधन्दा र कलकारखाना खोल्न तथा रोजगारी उपलब्ध गराउन सकेन भनेर जिम्मेवार नेता र प्रबुद्ध व्यक्तिले भौंतारिन सुहाउँदैन । तर त्यतिकै भरमा पात्तिनु पनि हुन्न । मूल कुरा पार्टीलाई जबज अनुसार सबै दृष्टिले सबल र सशक्त बनाउने मुख्य हो । जबजको सार र अन्तर्य अनुसार पार्टी सञ्चालन गर्ने कुरा जबजको जीनबाट मात्र सम्भव छ । ओलीपछिको सशक्त र सबल नेतृत्वले मात्र पार्टीलाई सशक्त र एकढिक्का बनाउन सक्छ तर अब आउने अध्यक्षले पनि गणेश प्रवृत्तिबाट बेलैमा जोगिन सक्यो भने केही ठोस काम गर्न सक्छ । नत्र अहिलेजस्तै एक भोट बढाउन नसक्ने बरु घटाउने र राप्रपाबाट प्रवेश गर्ने बित्तिकै एकै व्यक्तिलाई दुवै हातमा लड्डु ठाडो आदेश थमाइदिने हुन गयो भने पश्चिम बंगालको भाकपाको स्थिति सन्निकट देखिन्छ । पठन संस्कृतिमा निमग्न माओले समेत सामन्तवादी सांस्कृतिक अवशेष आफूले हटाउन नसकेको बताएका थिए । पठन संस्कृति शून्य अधिकांश नेताको मन पछौटेपनबाट निक्कै गाँजिएको छ । यिनीहरु बाहिर बाहिर गणतन्त्रवादी छन् । यिनलाई आफ्ना मन र मस्तिष्कमा जब्बर बनेर बसेको पछौटे चिन्तन हटाउने उपाय नै थाहा छैन यिनलाई मैलो मन कसरी र केले धुनुपर्छ भन्नेबारे प्रशिक्षित गर्नुपर्छ । यसैकारण देश र जनताको नाम भजाएर सुखभोग गर्नमा अधिकांश नेता लिप्त देखिन्छन् । बारम्बार म मेरो भन्नु आफू बाहेक पनि योग्य छन् भन्ने सोच नराख्नु सामन्तवादकै सांस्कृतिक प्रतिछाँया हो ।

पार्टी केन्द्रीय सदस्यहरुलाई पार्टीका प्रेस वक्तव्य, प्रतिवेदन लेखन, आगामी कार्ययोजना र समसामयिक विषयका पर्चा लेखन जस्ता विषयका लेखन अभ्यास गराउनु पर्ने अवस्था देखिन्छ । पार्टीमा पठन संस्कृतिको यो भन्दा कमजोर स्थिति के हुन्छ ? पार्टीमा भावी अध्यक्षका रुपमा कसलाई अघि सार्न खोजिएको छ भन्ने कुरा ज्ञान चक्षुले देखेकै छ । कतिपय परिघटनाले समेत जाहेर गरकै छ । विद्या भण्डारी जबजको जीन हो । उनी जननेता मदन भण्डारी बराबरको सैद्धान्तिक वैचारिक तथा जनसेवालाई उच्चतम प्राथमिकता दिने व्यक्तित्व हुन् । राष्ट्रपति नै भए पनि वर्तमानको आवश्यकता र अपरिहार्य स्थितिले विद्याको माग गरेको देखिन्छ । उनका आजका दिनसम्मका जिम्मेवारीमा रहँदाका भूमिकाबाट उनको उच्च र उदात्त व्यक्तित्व स्पष्ट हुन्छ । उनले आफ्ना महत्वाकांक्षाका कारण सक्रिय राजनीतिमा आउन खोजेको कतैबाट पनि पुष्टि हुँदैन । एमालेमा माथिदेखि नै विकृतिले गाँजेको कुरा नेपाल बुद्धिजीवी परिषद्‌को हालै सम्पन्न ११ औं राष्ट्रिय महाधिवेशनको प्रतिवेदनमा उल्लेख गरिएको छ । डा. दिनेशचन्द्र देवकोटा अध्यक्ष रहेको परिषद्‌को प्रतिवेदनमा वर्तमान पार्टी प्रणालीमा उनीहरुको वा युवाहरु र बुद्धिजीवी वर्गको आकर्षण घट्तो छ भनिएको छ । यो कुरा म आफैं केही दिन अघि काठमाडौं बसाइका क्रममा थाहा पाएको छु । प्रा.डा. कृष्णचन्द्र शर्मा, वरिष्ठ साहित्यकार प्रवीण जोशी लगायतसितको प्रत्यक्ष वार्ताबाट पार्टी र नेताप्रति चरम निराशा अभिव्यक्त भयो । यसमा आँसु बगाउने होइन आसुलाई आगोमा परिणत गर्नु पर्छ भाग्ने होइन भिड्नुपर्छ आजसम्म आफूले बगाएको मिहेनत परिश्रम र योगदानको रक्षाका लागि एकताबद्ध हुनु पर्छ भन्ने कुरामा एक खालको सहमति भएको छ ।

परिषद्‌को प्रतिवेदनमा पार्टीभित्र देखिएको वैचारिक विचलन, अवसरवाद, र संगठनात्मक निष्क्रियताको जरो पत्ता लगाउनु पर्ने, चुनाव र नेताका लागि पार्टी भन्ने मनोविज्ञानलाई चिर्नु पर्ने उल्लेख छ । जनताका लागि सिद्धान्त र पार्टी नेतृत्व भन्ने भाष्य निर्माण गर्ने चुनौति रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यी कुरा रसुवा, इलाम र मोरङ लगायत जिल्लाका पार्टीका प्रतिनिधि घटनाबाट पुष्टि हुन्छ । नठोसी आगो बल्दैन, नमथी नौनी बन्दैन । मित्रवत् सल्लाह सुझाव र विमर्श पनि गर्न नपाइने हुँदा यस्तो जनवाद नोकरसाही हुन्छ । पार्टीभित्र बोल्न दिएको भए र यसलाई प्रोत्साहित गरेको भए टोपबहादुर उहिल्यै सप्रिन्थे होलान् ? कालकोठरीमा सड्ने थिएनन् । जननेता र जबजले पार्टीलाई प्रतिभाको फूलवारी बनाउने लक्ष राखेको छ तर अहिले उन्युघारी मात्र होइन काँडाघारी हुन खोजेको देखिन्छ । प्रायः अधिकांश नेताका व्यहोराले त्यही बताउँछ । सच्चा मूल अभिभावकले आफू सर्वोच्च नेता भएर योग्यतम र सक्षम अनुजलाई पार्टी अध्यक्ष बनाएर उसका काम हेर्ने, बिचार्ने र सही सल्लाह दिएर परिपक्व बनाउन ध्यान दिन्छ । पार्टी र सिद्धान्त प्रतिबद्धहरु बारम्बार आफैं मात्र अुमक पदका लागि हत्ते हाल्दैनन् । यस्ता मान्छे आश र त्रासमा परेर किमार्थ अवाक् हुँदैनन् । हरेक जाति,जनजाति,सीमान्तीकृत र महिला पार्टीमा मनग्गे कार्यकर्ता र नेता छन् । त्यहीं भित्रका भए मध्येबाट योग्य र योग्यतम नेता र कार्यकर्तालाई उचित कामको जिम्मेवारी दिँदामात्र पार्टी पार्टी जस्तो हुन्छ,नत्र धर्मशाला । (इटहरी निवासी लेखक मदन भण्डारी फाउण्डेशनका केन्द्रीय सदस्य हुन् । )


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति-२०८२/०२/३१

**कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८२/०१/०२ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको मिलन एजुकेसन फाउन्डेसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति , तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/०७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि हिमालय नमुना बोर्डिङ स्कुल झापा प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# स्वस्थ रहन रक्तदान गरौं

विश्व रक्तदाता दिवस रक्तदान गरी झापामा पनि मनाइएको छ । हामीले सुन्ने गरेका छौं, 'रक्तदान जीवनदान' । रक्तदान गर्नु पुण्यको काम हो । किनभने हामीले दिएको रगतबाट कसैले नयाँ जीवन पाउँछ । रक्तदान गर्नाले अन्य व्यक्तिको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्तिको शरीर समेत स्वस्थ रहन्छ । साधारणतया एउटा व्यक्तिको शरीरमा छ लिटर (करिब दश युनिट) रगत उत्पादन हुने गर्दछ । जबकी रक्तदानको समयमा भने एक युनिट अर्थात ४ सय ७० मिलिमिटर रगत मात्र निकालिने गरिन्छ । त्यो भनेको शरीरमा भएको सबै रगतको १२ देखि १४ प्रतिशत मात्र भएकाले रक्तदानका क्रममा त्यसरी रगत निकाल्दा व्यक्तिलाई भने कुनै हानी गर्दैन ।

किनभने एउटा व्यक्तिको शरीरमा रगत निर्माण भएको १ सय २० दिन भित्र उक्त रगत स्वतः नष्ट हुने गर्छ । जबकी सोही रगत अरुलाई दान गर्दा व्यक्तिको शरीरमा छिटो–छिटो रगतको उत्पादन हुने गर्दछ । त्यसैले स्वस्थ ब्यक्तिले हरेक ३/३ महिनामा रक्तदान गर्न सक्छन्।
जब व्यक्तिले रक्तदान गर्छ, तब व्यक्तिको मिर्गौलामा रहेको पेरिट्युबुलर सेलले शरीरमा अक्सिजन कम भएको महसुस गर्न थाल्छ । जसका कारण मिर्गौलाले एरिथ्रोपेटिन नामको प्रोटिन सेक्रेट गर्न थाल्छ । उक्त प्रोटिन रगतमार्फत् बोनम्यारोसम्म पुग्छ । र बोनम्यारोले तुरुन्तै रातो रक्तकोषिका निर्माण गर्न सुरु गर्न थाल्छ । एउटा बोनम्यारोले एक सेकेन्डमा एकदेखि दुई मिलियन रातो रक्तकोषिका निर्माण गर्ने हुँदा रक्तदान गरेको २४ घण्टाभित्रै एउटा व्यक्तिको शरीरमा पुनः निर्माण भइसक्छ। र, व्यक्ति पुरानै अवस्थामा फर्किसकेको हुन्छ।

कुनैपनि बेला जोकोहीलाई रगत चाहिन सक्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने वैकल्पिक उपाय भनेकै रक्तदान हो, रगतको उल्लेखनीय महत्व छ । नेपालमा वर्षेनी करिब ३ लाख युनिट रगतको आवश्यकता पर्छ तर जहिले पनि अभावको समाचार आइरहेका हुन्छन्। विशेषगरी अधिक रक्तश्रावका बिरामी, प्रसूति, मुटु, मस्तिष्कको शल्यक्रिया, दुर्घटनामा परेका बिरामीहरूलाई रगत अनिवार्य हुन्छ भने अन्य रोगका लागि पनि तारन्तार रगत चाहिरन्छ । जटिल प्रकृतिका शल्यक्रिया दिनानुदिन बढिरहेको हाम्रो नेपालमा रगतको अभाव हुँदा शल्यक्रिया नै समयमा हुन नसक्ने स्थिति बिकराल छ। अत्यधिक बढ्ने गरेको सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प जस्ता घटनाहरूका साथै अबिछिन्न गर्भधारण, गर्भपतन पहिलाको तुलनामा बढेकाले रगतको माग अत्याधिक छ। मानव स्वास्थ्यका लागि रगतलाई जति महत्वका साथ हेरिएको छ सोही अनुसार नेपाल सरकार र सम्बन्धित निकायको ध्यान जान सकेको छैन । केही तथ्यांकलाई विश्लेषण गर्ने हो भने नेपालमा रगतको मागअनुसार आपूर्ति हुन नसकेको देखिन्छ । रगत अभावकै कारण बिरामीको मृत्यु भएको खबर सार्वजनिक नभए पनि दुरदराज र ग्रामीण क्षेत्रमा रगत अभावमा नै मृत्यु हुने बिरामीको संख्या धेरै छ । रक्तदान सम्बन्धी जानकारी नहुँदा कतिपयले चाहेर पनि रक्तदान गर्न पाएका छैनन् । कतिपयले भने कयौंपटक रक्तदान गरेर सामाजिक रूपमा उच्च छवि बनाएका पनि छन्।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विपत्सँग जुध्न सामूहिक एकता



• डा.शोभाकर पराजुली

गत वर्ष नेपालको सरकारी तथ्याङ्कमा लगभग आठ हजार ८६१ विपत्का घटना प्रवृष्ट भए । यी पञ्जीकृत घटना र दुर्घटना मात्रै हुन् । बाँकी कैयौँ घटना सरकारी निकायसम्मै आइनपुगेका पनि छन् । कति त्यत्तिकै सेलाएका छन् । सरकारको आधिकारिक निकायमा नआउँदासम्म ती रेकर्डमा बस्दैनन् र गणनामा पनि पर्दैनन् । सरकारको त्यही तथ्याङ्कलाई मात्रै केलाउने हो यी विपत्का घटनामा परेर कम्तीमा पनि ७४५ जनाको ज्यान गएको देखिन्छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अभिलेख गरेका घटना विवरण अनुसार त्यो एक वर्षमा कम्तीमा पनि तीन अर्ब तीन करोडभन्दा धेरैको आर्थिक क्षति नागरिकले बेहोर्नु पऱ्यो । नागरिकको ज्यानको अघि सम्पत्तिको यो आर्थिकीकरण त्यत्ति मूल्यवान नहुन सक्छ तर राज्यले परिपूर्ति गर्नुपर्ने क्षतिको गणित त्यो भन्दा पनि कैयौँ गुणा बढी हुन्छ । त्योभन्दा अझ ठुलो पीडाको मूल्य आमनागरिकले चुकाउनु पर्छ । हरेक प्राकृतिक र दैवीय विपत्तिमा यो आमनागरिकले भोग्नुपर्ने र भोग्दै आएको नियति जस्तै हो ।

सयौँ मानिस त्यही विपत्का कारण बेपत्ता पनि भएका छन् । हरेक वर्ष यसरी सयौँ मानिसको अत्तोपत्तो हुँदैन । हजारौँ मानिस घाइते अनि अपाङ्गता हुन्छन् । मान्छेसँगै कैयौँ प्राणीको ज्यान पनि यस्ता विपत्का सिकार हुँदै आएका छन् । गत वर्षको तथ्याङ्कलाई केलाउने हो भने सबैभन्दा बढी बाढी, पहिरा र चट्याङ अनि भारी वर्षाका कारण मान्छेको ज्यान गइरहेको छ । त्यसको प्रभावले हुने सडक तथा हवाई दुर्घटना त यसमा खासै जोडिएका हुँदैनन् । त्यसलाई पनि जोड्ने हो भने र मानवीय धनमालको क्षतिको ग्राफ अझ उकालो चढ्छ । राज्यले एउटा मात्रै नागरिकको ज्यानको मूल्य पनि लगाउन मिल्दैन । झन् हजारौँ नागरिक हरेक वर्ष दोहोरिइरहने विपत्का कारण मरिरहँदा मानवीय मूल्यको त तुलना नै हुन सक्दैन । हरेक वर्षका घटना र त्यसबाट हुँदै आएको क्षतिका अङ्क गणित हेर्‍यौँ भने हामीले निकै धेरै गुमाइसकेको थाहा हुन्छ । हरेक वर्ष प्रकाशित हुने यी डरलाग्दा र भयानक तथ्य अनि तथ्याङ्कबाट हामी अझ धेरै चनाखो अनि सचेत हुनुपर्नेमा हामी झन् झन् औपचारिकतामा मात्रै साँघुरिन थालेका छौँ ।

प्रकृतिले ल्याउने यस्ता स्वाभाविक आपत्बाट घेरिने समय फेरि पनि आइपुगेको छ । यद्यपि प्राकृतिक र दैवीय घटनाको कुनै मौसम वा ऋतु हुँदैन । कुनै मौसममा त्यसको भने ज्यादा जोखिम हुन्छ । त्यस्तै मनसुनको समय पनि एउटा त्यस्तै अवधि हो । जहाँ हामीले नचाहेरै पनि धेरै क्षति अनि जोखिम बेहोरिरहेका हुन्छौँ । अवश्यमभावी यस्ता आपत्को निर्मूलीकरण सम्भव त छैन तर पूर्वजानकारी अनि पूर्वसचेतना र पूर्वतयारीको अवस्थाले हामी कतिसम्म त्यसबाट जोगिन सक्छौँ वा त्यसको क्षति न्यूनीकरण गर्न सक्छौँ भन्नेमा निर्भर रहन्छ । मनसुन भनेको आफैँमा वर्षा होइन, त्यसको प्रभावका कारण वर्षा हुन सक्छ । अनि यसलाई बर्खामास वा बर्खायाम भन्छौँ । नेपाल जस्तो आधा अर्थतन्त्र खेतीपातीमै निर्भर रहेको देश र यहाँका किसानका लागि यो याम जति हर्षप्रद हुन्छ त्यत्तिकै जोखिम र भयानक पनि हुन्छ । अर्थात् हामी प्रकृतिसँग हामी जति सिँगौरी खेल्न तम्सिन्छौँ, त्यसको बेगले हामीलाई उत्तिकै बेस्सरी हिर्काउँछ । यो प्रकृतिको आफ्नै स्वाभाविक नियम हो । यसलाई बिथोल्नभन्दा पनि हामी त्यसको प्रभावसँग कसरी जुध्ने अनि कसरी त्यससँगको अन्तर्घुलन हुने भन्ने पूर्वसचेतना पनि चाहिन्छ । त्यसका लागि हामीले मनसुनको सँघार कुर्न पर्दैन ।

सिङ्गो वर्ष हामी माझबाट बिदाइ भइरहेको हुन्छ, जहाँ हामीले हामीलाई नै चाहिने कुनै तयारी गरिरहेका हुँदैनौँ । जब मनसुनको याम सुरु हुन्छ अनि त्यस्तै कोठे, औपचारिक कार्यक्रम गरेर हामी त्यसको कर्मकाण्ड मात्रै पूरा गरिरहेका हुन्छौँ । त्यतिञ्जेल विपत्ले गर्नुपर्नेजति सबै गरिरहेको हुन्छ । सक्नुपर्नेजति सबै सकिसकेको हुन्छ । फेरि हामी मान्छे अनि उसले गुमाएका सम्पत्तिलाई गणितीय हिसाब लगाउन व्यस्त हुन्छौँ । यसरी नै काम गरिरहेका कारण हाम्रा संयन्त्रहरू निष्प्रभावी भएका हुन् । नत्र हाम्रै भूगोल, हाम्रै माटोमा हुने यी आपत्‌विपत्‌सँग राम्रो परिचित छौँ र हाम्रो आदत पनि भइसकेको छ । अर्थात् हामीलाई यसका स्वभाव थाहा छ । जसलाई हामी सजिलै अपनाउन सक्छौँ ।

यसपालि पनि मनसुन सुरु भइसकेको छ । अघिपछिको भन्दा यसपालि त झन् १५ दिनअघि नै नेपालमा मनसुनको प्रवेश भयो । मनसुन रेकर्ड राख्न लागिएदेखि यो पछिल्ला ५७ वर्षयता मनसुन आफ्नो आगमनभन्दा अघि नै नेपालमा प्रवेश गरेको देखिन्छ । खास गरी बङ्गालको खाडीबाट नेपाल प्रवेश गर्ने मनसुन सामान्यतया जुन १३ मा यहाँ आइपुग्नुपर्ने हो । यसपालि अलि चाँडै भयो । त्यसैले यो लम्बिने देखिन्छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यसपालि मनसुन लगभग १२२ दिन नेपालमा सक्रिय हुने छ । सरदर समय लगभग अक्टोबर २ मा बाहिरन थाल्ने मनसुन यसपालि भने सेप्टेम्बर ३० सम्म रहने अनुमान छ । गत वर्ष १० जुनमा प्रवेश गरेको मनसुन अक्टोबर १० मा मात्रै बाहिरिन सुरु गरेको थियो ।

योसँगै मनसुनको यो अवधिमा सरदरभन्दा धेरै वर्षा हुने र क्षति पनि त्यही अनुसार हुन सक्ने अनुमान पनि गरिएको छ । यसबाट कम्तीमा पनि २० लाख मानिस प्रभावित हुन सक्ने भन्दै विपत् प्राधिकरणले सचेतनाका लागि पनि सरकारका निकायलाई भनिसकेको छ । साढे चार लाख परिवार यसपालि मनसुनजन्य विपत्बाट प्रभावित हुन सक्ने छन् । वर्षा धेरै हुने अनि तापक्रम पनि बढ्ने अनुमान गरिएको छ । तराई छोडेर अहिले पनि राजधानीलगायत पहाडी जिल्लामा समेत तापक्रम उकालो चढिरहेको छ । सामान्यतया नचर्किने काठमाडौँको घाम केही वर्षयता अत्यधिक पोल्ने हुन थालेको छ । यसमा शताब्दीयौँदेखि परिवर्तित मौसमका प्रभाव मिसिएका हुन्छन् । हरेक तीन दशकमा आउने यस्ता परिवर्तनको लेखाजोखालाई नै अहिले आएर 'जलवायु परिवर्तन' भन्न थालिएको छ । यो बहस विश्वव्यापी समस्याका रूपमा रहेको जलवायु परिवर्तनको होइन बरु त्यसबाट हुन आउने र भैपरि आउने आपत् विपत्बाट कसरी जोगिने अनि जोगाउने भन्ने हो । तसर्थ सरकारका यी संयन्त्रले गरिरहेका यी प्रक्षेपण मात्रै क्षतिका गणितीय ग्राफ होइनन् बरु सम्बन्धित निकाय र स्वयम् सरकार पनि चनाखो अनि पूर्ण-पूर्वतयारीको अवस्थामा रहनु पनि भनेको हो ।

प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ पारित गरेर सबै तहका सरकारी तथा गैरसरकारी संयन्त्रलाई समेत त्यही अनुसार तयारी गर्न भन्दै पत्राचार गरिसकेको छ । त्यसका लागि राहत, उद्धार र विपत् प्रतिकार्य संयन्त्रहरू अहिलेदेखि नै सचेतनाको अभियानामा जुट्ने र चौबिसै घण्टा तम्तयार अवस्थामा तैनाथी रहनु हो । यसो नगर्दा जतिखेर, जहाँ पनि जे पनि हुन सक्छ । यस्तो अवस्थामा सरकारी संयन्त्र तयारी अवस्थामा रहेनन् भने त्यसलाई अस्वाभाविक क्षति निम्त्याउन सक्छ । यो हरेक वर्ष हामीले भोग्दै आएको नियति नै हो ।

प्राधिकरणले यो मनसुन अवधिभरि भैपरि आउने विपत्का लागि नेपाल प्रहरीका करिब ५०० विपत् विशिष्टीकृत एकाइलाई तैनाथ रहन भनेको छ । त्यस्तै खोज तथा उद्धारका लागि आवश्यक पर्ने १० हजारभन्दा धेरै प्रहरीलाई स्ट्यान्डबाई हुन भनिएको छ । त्यस्तै विपत्सँग जुध्नका लागि साढे सात हजारभन्दा धेरै सशस्त्र प्रहरी तथा सबै प्रदेशहरूलाई हेभी इक्युपमेन्ट पनि तयारी अवस्थामा राख्न भनिएको छ । राहत तथा उद्धारका सामग्री पनि जम्मा गरिराख्न प्राधिकरणले सबै निकायलाई भनेको छ । हरेक वर्ष यस्ता कार्यका लागि यी हजारौँ जनशक्ति मात्रै होइन खर्बौं रुपियाँ पनि राज्यकोषबाट खर्च भइरहेको छ । यसपालि विपत् व्यवस्थापन कोषमा लगभग चार अर्ब ६५ करोड २४ लाख जति मौज्जाद रकम छ । क्षतिको हिसाबले यो एकदमै न्यून हो । जसबाट हामीलाई क्षतिपूर्तिको दामासाही पनि पुग्दैन । तथापि तत्कालिक उद्धार, आधारभूत राहत र खोजी कार्यका लागि यो रकम परिचालन गर्न सकिन्छ ।

नेपालमा अहिले तीन तहका सरकार क्रियाशील छन् । तीमध्ये स्थानीय तहको महत्व निकै छ । समन्वयात्मक भूमिकामा प्रादेशिक संरचनाको पनि उत्तिकै भूमिका रहन्छ । अहिलेसम्म नेपालमा न कुनै विशिष्टीकृत उद्धार तथा राहतको संयन्त्र छ, न त कुनै उद्धारका आधुनिक सामग्री नै । परम्परागत शैलीमा हामीले चलाउँदै आएका उद्धारको अभ्यास र सामग्रीले मात्रै अब थेग्ने अवस्था छैन ।

नेपाल अनि नेपाली भूगोल आफैँमा प्राकृतिक विपत्को जोमिखयुद्ध भूखण्ड हो । जसका लागि कुनै यस्ता यामहरू मात्रै होइन कि हामी हरेकपल त्यसका लागि तयारी अवस्थामा रहनुपर्ने आवश्यकता छ । सबैभन्दा पहिला त यस्ता विपत्बाट हुने क्षति न्यूनीकरणका लागि सबै तहका संरचनाबिच आपसी सम्बन्ध र समन्वयको एकदमै ठुलो आवश्यकता छ । आपसी समन्वय र सहयोगको अभावमै हामीले विगतमा धेरैभन्दा धेरै क्षतिको मार खेप्दै आएका छौं । यसपालि पनि त्यस्तो हुने छैन भन्ने कामना गरौं र सबै आआफ्नो स्थानबाट बलबुताले भ्याएसम्म त्यसको तयारीमा जुटौँ । सङ्कट र परिणाम हाम्रै सँघारमा छन् ।

# बौद्धिक वर्गबाट नागरिक अपेक्षा



• हरि ज्ञवाली

बुद्धिजीवी राष्ट्र र समाजका दिशानिर्देशक हुन् । उनीहरूको विचार, चेतना, अनुसन्धान, लेखन र सक्रियताले मात्र देश र समाजको सकारात्मक रूपान्तरण सम्भव हुन्छ । बौद्धिक वर्ग मुलुकका नेतृत्वकर्ता पनि हुन् । बौद्धिक वर्गले राष्ट्रलाई उपयुक्त विचार, विवेक र दिशानिर्देश गर्ने हुँदा देशनिर्माणमा यो वर्गको योगदान र भूमिका महत्वपूर्ण मानिन्छ । बौद्धिक वर्ग राजनीतिक पार्टीका थिङ्क ट्याङ्कका रूपमा मात्र रहेका हुँदैनन् अपितु समग्र मुलुकको हितका लागि चिन्तन गर्ने र आमजनताका आकांक्षा पूरा गर्दै आर्थिक, सामाजिक रूपान्तरणको पथमा मुलुकलाई अगाडि बढाउने मार्गदर्शक पनि हुन् । उनीहरूको सोच, दृष्टिकोण र नेतृत्वले देशको वर्तमान मात्र होइन, सुन्दर भविष्य पनि निर्धारण गर्न सक्छ । यो जिम्मेवारी पूरा गर्न नागरिक समुदायका अगुवा मानिने बुद्धिजीवीले आफ्नो तर्फबाट सक्रिय भूमिका खेल्न जरुरी देखिन्छ ।

नेपाली जनताका आशा, भरोसा र विश्वास आर्जन गर्ने गरी सामाजिक न्याय र सुशासनका प्रत्याभूतिसहित राज्य सञ्चालन गर्नु सरकारको प्रमुख कर्तव्य हो भने सरकारलाई जनमुखी बन्न दबाब दिने र राजनीतिक पार्टीहरूलाई सैद्धान्तिक, वैचारिक र नीतिगत मार्गदर्शन गराउने काम बौद्धिक वर्गको हो । बुद्धिजीवीले नै समाज र राजनीतिमा देखिएका समस्यालाई सम्बोधन गर्न र आशा र विश्वासका साथ नयाँ परिवेश निर्माणको महत्वपूर्ण भूमिका खेल्दै यथोचित योगदान गर्नुपर्ने हुन्छ । केही समययता देशमा ठुलो परिवर्तन भएको छ । एकात्मक, केन्द्रीकृत र निरङ्कुश राजतन्त्रको ठाउँमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । नयाँ संविधानले सबै वर्ग वा समुदायका अधिकारलाई सुनिश्चित गरेको छ ।

निराशा र नकारात्मक मनोविज्ञान फैलाइएको वर्तमान अवस्थामा बौद्धिक वर्गले उपयुक्त नीति, सही विचारको निर्माण र यथार्थ वस्तुस्थितिबारेको प्रचारप्रचारका माध्यमले समाज र देशलाई आशा र सकारात्मक दिशामा बदल्न केन्द्रित हुनुपर्ने देखिन्छ । यतिबेला सबै पुराना दलले जनताको असली प्रतिनिधित्व गर्ने हैसियत गुमाइसके भनेर जबर्जस्त भाष्य निर्माण गर्न खोजिँदै छ । आमजनताले व्यवस्थाकै विकल्प खोज्न थालेको अनावश्यक हल्ला फैलाइँदै छ । दलहरूका थोरै कमजोरीलाई औँल्याएर र जनताका केही असन्तुष्टिलाई बहाना बनाएर सडकमा भिड जम्मा गर्ने प्रयास पनि व्यापक मात्रामा भइरहेका छन् । मुलुक जटिल र तरल अवस्थामा छ । प्रतिगामी शक्तिले समाजलाई बराल्न र बिथोल्न भरमग्दुर प्रयास गरिरहेका छन् । यस्तो विषम परिस्थतिमा नेपाली समाज र देशले बुद्धिजीवीको अग्रणी र विशेष भूमिकाको अपेक्षा गरेको छ ।

हिजोआज सामाजिक सञ्जालमा नेपालमा केही छैन, नेताहरूले सब बिगारिसके, अब मुलुक समृद्ध बन्दैन तसर्थ, विदेश जानुबाहेक अर्को विकल्प छैन भन्दै भ्रम छर्ने प्रयास भइरहेका छन् । केही पात्रहरूले जनताका गुनासा र निराशालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रकै विरुद्धमा प्रयोग गर्ने प्रयास गरिरहेका छन् । सूचना प्रविधिको गलत प्रयोग गर्दै निराशा, आक्रोश र अराजकता बढाउने काम भइरहेका छन् ।

यो जटिल परिवेशमा बुद्धिजीवीले वैचारिक संघर्ष गर्दै सत्य, तथ्य र नेपाली मौलिक ज्ञान र विचारद्वारा समाजको अगुवाइ गर्नुपर्ने आवश्यकता देखिन्छ । अराजक र प्रतिगामी तत्व सलबलाइरहेको यो घडीमा उनीहरूबाट सिर्जित भ्रमलाई चिर्नु र वर्तमान गणतान्त्रिक व्यवस्थालाई सुदृढ गर्दै अगाडि बढ्न पनि बुद्धिजीवीको सक्रिय भूमिका आवश्यक देखिन्छ ।

विसं २०४६ देखिको दलीय राजनीतिलाई हेर्ने हो भने हाम्रा नेताहरू संवैधानिक, राजनीतिक प्रणाली सञ्चालन र सार्वजनिक जीवनको सदाचारमा अपेक्षित सफल भएको पाइँदैन । धेरैजसो दलका नेता एवं जनप्रतिनिले जनताको भरोसा र आकांक्षा अनुरूप काम गर्न सकिरहेका छैनन् । पार्टीका नेता र जनताबिच आपसी अविश्वास पनि बढ्दै गएको छ । कार्यकर्ता र जनताले निरन्तर त्याग र बलिदान गर्दै आएका भए पनि दलीय नेतृत्व वर्गले निरन्तर अवसर मात्रै लिँदै आएका छन् । यही बहानामा आमजनतामा अनावश्यक आक्रोश बढाएर जनतालाई उत्तेजित बनाउने अनि समाजलाई भाँड्ने र मुलुकलाई दुर्घटनातर्फ धकेलिरहेको स्थिति छ । अराजकतावादी, प्रतिगामी र प्रतिक्रियावादी शक्ति सल्बलाइरहेका छन् । जनतामा व्याप्त यी तमाम निराशा, असन्तुष्टि, अस्थिरता, अन्योल र आर्थिक संकटका विषयमा बुद्धिजीवीले सार्थक पहल नगरे परिस्थिति अझ बिग्रने देखिन्छ । यस्तो अवस्थामा बुद्धिजीवीले सत्य, तथ्य र नेपाली मौलिक ज्ञान र विचारद्वारा समाजको अगुवाइ गरी बिग्रँदो अवस्थालाई समाल्नु पर्छ ।

देशले यतिखेर बुद्धिजीवीबाट अग्रगामी दृष्टिकोण र सही विचार, परिस्थितिको यथार्थ विश्लेषण र तदनुरूपको सूचना सम्प्रेषणको अपेक्षा राखेको छ विडम्बना, कतिपय बुद्धिजीवीले भने व्यक्तिगत स्वार्थ र अवसरका लागि सत्ता वा प्रभावशाली वर्गको पक्षपोषण गर्दै फगत आफ्नो स्वार्थसिद्धिमा केन्द्रित भएको अवस्था भेटिन्छ । कुनै पार्टी, विचारधारा वा गुटप्रति अन्धसमर्थक बन्ने, राजनीतिक दबाब, सामाजिक आलोचना वा आफ्नो स्वार्थका लागि गलत प्रवृत्तिका विरुद्ध बोल्नुपर्ने ठाउँमा नबोल्दा वा भूमिका निर्वाह नगरिदिँदा निष्पक्षता गुमाउँदै गइरहेका छन् । फलस्वरूप समग्र बौद्धिक वर्गप्रति नै आम जनताको आस्था र विश्वास घट्दै जान थालेको छ । यो चिन्तन र प्रवत्तिको अन्त हुनु जरुरी छ ।

बुद्धिजीवी विचार, ज्ञान, अनुभव र विवेकका धनी व्यक्ति हुन् । बौद्धिक कार्यद्वारा समाजलाई रूपान्तरण गर्दै सुसंस्कृत, विकसित र समृद्ध मुलुक बनाउने काममा बुद्धिजीवीको भूमिका महत्वपूर्ण छ । देश र समाजलाई समस्याबाट निकास दिने विचार, तर्क र समाधान प्रस्तुत गर्दै सत्य र यथार्थमा आधारित मार्गदर्शन गर्न बौद्धिक वर्गबाट देश र जनताले महत्वपूर्ण योगदानको अपेक्षा गरेको छ । बौद्धिक वर्ग यो अभिभाराबाट कत्ति पनि विचलित हुनु हुँदैन ।

जनताको निराशालाई आशा र भरोसामा नबदलेसम्म मुलुकको विकास र समृद्धि सम्भव हुँदैन । मुलुकका संकल्प र सपनालाई यथार्थमा परिणत गर्न सके मात्र मुलुक समृद्ध र जनता सुखी बन्न सक्छन् । देश निर्माण केवल सरकार वा दलहरूको मात्र कार्य होइन । समाजमा रहेका अन्धविश्वास, रूढिवाद, सबै किसिमका विभेद र असमानताको अन्त्य गरी देशलाई विकास र समृद्धिमा अगाडि बढाउने र नेपाली मौलिकताको समाजवाद निर्माणको आधार निर्माण गर्ने काममा बुद्धिजीवीले अग्रणी भूमिका निर्वाह गर्नु पर्छ । बौद्धिक कार्यद्वारा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा रहेका समस्या निराकरण गर्ने र देशलाई सामाजिक न्यायमा आधारित विकास र समृद्धि तथा सुशासनतर्फ अगाडि बढाउनुपर्ने दायित्व बुद्धिजीवीको हो । बुद्धिजीवीले आफ्नो ज्ञान, अनुभव र विवेक राष्ट्रहितमा प्रयोग गर्नु पर्छ । उनीहरू मौन होइन, सक्रिय नागरिकका रूपमा राष्ट्रनिर्माण यात्रामा अगाडि बढ्नु पर्छ ।

यतिखेर देशले बुद्धिजीवीबाट अग्रगामी दृष्टिकोण र सही विचार, परिस्थितिको यथार्थ विश्लेषण र तदनुरूपको सूचना सम्प्रेषणको अपेक्षा राखेको छ । राजनीतिक अस्थिरता र खिचातानीको दुश्चक्रबाट देशलाई मुक्त पार्दै विकासको गतिलाई तीव्रता दिने मूल उद्देश्यसहित लोकतान्त्रिक गणतन्त्रको विकास, राजनीतिक स्थिरता, सुशासन, विकास र समृद्धिको यात्रामा आमजनतामा आशा जगाउने गरी बौद्धिक वर्गले अभियान चलाउनु नै अहिलेको आवश्यकता हो ।

बुद्धिजीवी जागरूक, निष्पक्ष र उत्तरदायी बन्नु जरुरी छ । सरकार र दललाई सही दिशामा अगाडि बढाउन, दलभित्रका तमाम विकृति विसङ्गति, अराजकता र अनुशासनहीनतालाई समाप्त पार्न र तिनको नीति र नेतृत्व निर्माणकार्यमा बुद्धिजीवीले हस्तक्षेपकारी भूमिका खेल्न सक्नु पर्छ । सरकारले गरेका राम्रा कामका यथार्थ फेहरिस्त जनताका बिचमा सम्प्रेषण गर्ने, सरकारलाई निरन्तर जनमुखी बन्न दबाब दिने र गलत काम गर्नबाट रोक्नु नै बुद्धिजीवीको अहम् भूमिका हो । यी महत्वपूर्ण भूमिका निर्वाहमा बौद्धिक वर्ग सक्रिय हुनुपर्ने अपेक्षा मुलुक र सिङ्गो जनताले गरेको छ ।

# सहकारीको ब्याजदरमा सीमांकन



• प्रकाश अधिकारी

उस्तै उद्देश्य र हैसियत भएका व्यक्तिले एकआपसमा आर्थिक परनिर्भरतालाई सुल्झाउन सहकार्य गर्ने संस्था स्थापना गर्नु सहकारी हो । सहकारी सदस्य केन्द्रित व्यवसाय हो । यसको नियन्त्रण तथा सञ्चालनको भार प्रत्येक सदस्यमा रहन्छ ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ अनुसार "सहकारी त्यस्ता व्यक्तिहरूको स्वायत्त सङ्गठन हो जो संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसायमार्फत स्वेच्छिक रूपमा एक जुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षा परिपूर्ति गर्न चाहन्छन् ।"

संविधान जारी भएपछिको चौधौँ पञ्चवर्षीय योजनामा समष्टिगत आर्थिक नीतिमा सहकारीलाई पनि समेटिएको छ । सहकारीले छरिएर रहेको श्रम, सिप, प्रविधि र पुँजी एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने अपेक्षा राखिएको छ । चालु आवमा समापन हुने पन्ध्रौँ पञ्चवर्षीय योजनामा सहकारीलाई विपन्न ग्रामीण समुदायसम्म विस्तार गर्ने र संविधानले निर्दिष्ट गरे अनुसार सहकारीलाई मुलुकको समृद्धिको आधारको रूपमा स्थापित गर्ने चुनौती रहेको उल्लेख छ । योजनाको आधार वर्ष आव २०७५/७६ मा प्रारम्भिक सहकारी संस्थामा करीव ६६ लाख सदस्य रहेकामा महिलाको प्रतिशत ५१ र सञ्चालकमा महिलाको सहभागिता ४० प्रतिशत थियो । योजनाको समापन वर्षमा सहकारीमार्फत परिचालित पुँजी ८६ अर्ब, बचत ३८४ अर्ब र ऋण परिचालन ३९३ अर्ब पुगेको हुने छ भन्ने अनुमान गरिएको छ । यसका लागि सहकारी मूल्य र सिद्धान्तको अनुसरण, पारस्परिकता, संस्कार विकास तथा सुशासन कायम भएको हुनुपर्ने छ ।

सहकारीको सिद्धान्त अनुसार सहकारी संस्थाले आर्थिक क्रियाकलापको अतिरिक्त सामाजिक विकासको कार्यसमेत गर्ने गरेको पाइन्छ । सामान्यतः वित्तीय संस्थाले अधिकतम नाफा आर्जन हुने हिसाबमा आधारित भएर वित्तीय व्यवस्थापन गर्छन् भने सहकारी संस्थाहरूले संस्थाको दिगोपनको साथसाथै सदस्यको सर्वोपरि हितलाई ध्यानमा राखी वित्तीय व्यवस्थापन गर्नु पर्छ । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालीगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाको प्रवर्धन, नियमन गर्न सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी कानुन बनेको हो भनी सहकारी संघ संस्थाको महत्वलाई प्रस्तावनामा मुखरित गरेको सहकारी कानुन प्रचलनमा छ ।

प्रस्तावनालाई साकार पार्न सहकारी सदस्यमा सीमित रही निक्षेप स्वीकार गर्ने र कर्जा दिनेलगायतका बैङ्किङ पद्धतिका कारोबारसमेत गर्ने सक्ने गरी कार्यविधि र प्रक्रियात्मक कुराहरू कानुनमा व्यवस्था गरिए पनि सहकारी सदस्यबाट निक्षेप स्वीकार र ऋण प्रवाह गर्दा के कति ब्याज लिने दिने भन्ने सम्बन्धमा कानुन मौन हुँदा सर्वोच्च अदालतले पचली बहुउद्देश्यीय सहकारी संस्था लि. वि. रवीन्द्रमान मल्लको मुद्दामा ब्याज र धितोमार्फत गरिने ऋण असुलीका सम्बन्धमा गरेको कानुनको व्याख्या मार्गदर्शन हुने देखिन्छ । मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने संवैधानिक थिति अनुसार सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त कानुनसरह लागु गर्नु पर्छ ।

उल्लिखित मुद्दामा भएको फैसला अनुसार सहकारी संस्थाले सदस्यहरू बिच विश्वास र आवश्यकताका आधारमा प्रदान गरिएको ऋणबाहेक अन्य ठुला प्रकृतिका ऋणमा सामान्यतया ऋण प्रवाह गर्दा नै धितोले खाम्ने गरी मात्र ऋण प्रवाह गर्नु पर्छ । राखिएको धितोबाट लिलामी गरी सोहीबाट ऋण असुल गर्नु पर्छ । धितोले नखामेमा जुन व्यवसाय गरिएको हो सोहीबाट वा अन्य जायजेथाबाट उक्त ऋण असुली हनु सक्ने भए सोही प्रक्रियामा जानुपर्ने देखिन्छ । सहकारीमा जेथा राखिएको सम्पत्तिबाट ऋण असुली नभएमा ऋण असुली न्यायाधीकरणको प्रक्रियाबाट वा अन्य त्यस्तै प्रक्रियाबाट असुलउपर गर्ने व्यवस्था नभएकाले अन्य न्यायिक प्रक्रिया अवलम्बन गर्नु पर्छ । त्यस्तो अवस्थामा लेनदेन व्यवहार अन्तर्गत नियमित अदालत प्रवेश गर्ने कार्य अन्तिम उपाय हुने छ । यस्तो अन्तिम उपाय अन्तर्गत लेनदेनसम्बन्धी कानुन र क्षेत्राधिकार प्रयोग गरी अदालत प्रवेश गरेको अवस्थामा निर्णय गर्ने अदालतले सम्बन्धित कानुनले तोकेको प्रतिशतभन्दा बढी ब्याज भराउन सक्ने देखिँदैन । जुन कानुन जुन प्रयोजनका निम्ति बनेको हो, त्यो कानुनले सो प्रयोजनभन्दा बढी गरी वादी दाबीबमोजिम निजको सुविधामा निर्णय हुने सक्ने देखिँदैन ।

फैसलामा अगाडि बोलिएको छ, (सहकारी) संस्थाको कारोबारलाई सन्तुलित राख्न ऋण प्रवाह मात्र नभई उक्त प्रवाह गरिएको ऋण असुली गर्नु (लोन रिकभरी) उत्तिकै महत्वपूर्ण रहन्छ भने उक्त ऋण असुली गर्दा निश्चित ऐन तथा नियमबमोजिम गर्नुपर्ने देखिन्छ । ऋणीले ऋण लिई समयमा ऋणको किस्ता तथा ब्याज चुक्ता नगर्नु वा गर्न नसक्नु ऋण कारोबारसम्बन्धी जोखिम हो । यसबाट संस्थाले गर्ने आम्दानी तथा संस्थाको कोषमा नकारात्मक प्रभाव पर्न सक्छ । यसले एकातिर ब्याज आम्दानी नहुने देखिन्छ भने अर्कोतिर प्रवाह गरेको ऋणको साँवा रकम नै डुब्ने सम्भावना हुन्छ ।

बैङ्क तथा वित्तीय संस्थाको भन्दा सहकारी संस्थाको ऋण सानो आकारको, छोटो अवधि र असुरक्षित प्रकृतिको हुने हुनाले ऋणसम्बन्धी जोखिमको उचित व्यवस्थापन गरिनुपर्ने देखिन्छ । ऋणीको अनुगमनपश्चात् मात्र ऋण लगानी गर्ने वा कम्तीमा चरित्र, क्षमता, अवस्था, पुँजी र धितो जस्ता महत्वपूर्ण विषयको विश्लेषण गरी मात्र ऋण प्रवाह गर्ने, पहिलो पटक सदस्यलाई ऋण दिँदा कम रकम दिने, अधिकतम ऋणको सीमा तोक्ने, संस्थाले एउटै क्षेत्रमा लगानी गर्ने सीमा तोक्ने, कर्जा लगानी नीतिको अक्षरशः पालना गर्ने, सदस्यलाई सहकारी शिक्षा/वित्तीय शिक्षा आदि प्रदान गरेर मात्र ऋण प्रवाह गरेमा ऋण जोखिम कम हुन सक्ने देखिन्छ ।

नियमित अदालत, जिल्ला अदालत, समक्ष ऋण र ब्याज असुल गर्न दाबी लिएको कुरा सहकारी संस्थाले प्रचलन गराउनु पर्दा मुलुकी देवानी संहिताका लेनदेन व्यवहारसम्बन्धी व्यवस्थालाई पक्रेर जानुपर्ने भन्ने व्याख्याले सहकारी विभागद्वारा सहकारी संघ संस्थाको लागि मिति २०७८ फागुन १५ गतेदेखि लागु हुने गरी सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएको छ । सबै सहकारी संघ संस्थाले सदस्यलाई ऋण प्रवाह गर्दा अधिकतम सीमा १६ प्रतिशतमा नबढ्ने गरी, बचत र ब्याजदरको अन्तर छ प्रतिशत कायम हुने व्यवस्था गर्नु पर्छ । बचत तथा ऋणको कारोबार गर्ने सबै संघ संस्थाले प्रवाह गर्ने ऋण लगानीमा व्यक्तिगततर्फ एक प्रतिशत र सामूहिक जमानीतर्फ १.५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाउने गरी तोकेको कुराको कानुनी हैसियत के हुने भन्ने फैसलामा विवेचित छ ।

फैसला अनुसार सहकारी संस्थाको ऋणबापतको ब्याज के कति हुने भन्ने सम्बन्धमा कुनै निश्चित विश्वव्यापी मापदण्ड रहेको देखिँदैन । तुलनात्मक रूपमा हेर्दा पनि प्रायः सहकारी संस्थाहरूको उद्देश्य, सदस्यता र प्रयोजनका आधारमा आफैँले ब्याज निर्धारण गरेको देखिन्छ । कतिपय देशमा सम्बन्धित देशको केन्द्रीय बैङ्कले निर्धारण गरेको ब्याजदर आकर्षित हुने देखिन्छ । सहकारी समान उद्देश्य भएका मूलतः न्यून आयस्तरका व्यक्तिले स्वयम् मा जम्मा गरेको रकमबाट एकअर्काको वित्तीय अवस्थामा सहयोग गर्न खोलिने संस्था भएका कारण त्यस्ता संस्थाले बैङ्किङ कार्य गर्ने अनुमति प्राप्त गरी गरिएको वित्तीय लगानी वा कारोबारमा सामान्यतः बढी ब्याज लिनु उपयुक्त हुँदैन । परिवर्तित कानुनी अवस्थामा सहकारी ऐन, २०७४ को दफा ५०(५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाउने छैन भनी व्यवस्था भएको पनि पाइन्छ । सहकारीको उद्देश्य र प्रयोजन विचार गर्दा कुनै पनि सहकारी संस्थाले आफ्ना सदस्यलाई प्रचलित बैङ्किङ ब्याज दरभन्दा पनि न्यून ब्याजमा ऋण लगानी गर्नु उपयुक्त देखिन्छ । त्यस्तै ऋण असुली गर्दा ब्याजलाई साँवामा जोड्ने फेरी ब्याज लगाउने जस्ता कार्य आफ्नै समूहको सदस्यलाई शोषण गर्ने प्रकृतिको हुने देखिन्छ । फैसलाले सहकारी संस्थाले प्रवाह गरेको ऋणमा प्रचलित लेनदेन व्यवहारसम्बन्धी कानुन आकर्षित हुने भनी व्याख्या गर्दै यसरी प्रवाह गरिएको ऋणमा लिखतमा ब्याज लिनेदिने उल्लेख भएकोमा साहुले ऋणीबाट लिखतमा लेखिएबमोजिमको ब्याज लिने पाउने छ; यसरी साहुले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक दश प्रतिशतभन्दा बढी हुने छैन । साहुले ब्याजको ब्याज लिन पाउँदैन । लिएको भए साँवामा कट्टी हुन्छ र साँवा चुक्ता भइसकेको रहेछ भने त्यस्तो ब्याज फिर्ता गर्नुपर्ने छ भन्ने कानुन आकर्षित हुने सुनिश्चित गरेको छ ।

सहकारी संस्थाको राखनधरन वा सञ्चालनको जिम्मेवारी सो संस्थाबाट सेवा प्राप्त गर्ने संस्थाका सदस्यको हुने हुनाले बैङ्क तथा वित्तीय संस्थाको भन्दा सहकारी संस्थाको वित्तीय व्यवस्थापन फरक प्रकृतिको हुन्छ । यसको मूल फाइदा र उद्देश्य भनेको संस्थाका सदस्यलाई सुलभ र सहज रूपमा ऋण प्रवाह गर्नु हो । सहकारी संस्थाले समाजमा अलग अलग पहिचान कायम भएका आममानिसलाई समान पहिचान प्रदान गरी सामूहिक उद्देश्य प्राप्तिका लागि सहजीकरण गर्छ । किसान, मजदुर र न्यून आय भएका व्यक्तिको स-साना बचत परिचालनबाट राष्ट्रिय पुँजी निर्माण गर्ने सहकारीको उद्देश्य विशुद्ध वित्तीय संस्थाको नक्कल र परम्परागत बैङ्किङ कार्यप्रणालीको अवलम्बनले कतिपय अवस्थामा वित्तीय अपचलनको माध्यम भएको छ, जसको समाधान सहकारी सुशासनबाट मात्र हुन सक्छ ।

(लेखक झापा जिल्ला अदालतका न्यायाधीश हुन् ।)

## मेचीनगरमा फेरि भेटियो बेवारिसे शव




झापा(प्रस)। झापामा केही दिनदेखि लगातार बेवारिसे शव फेला पर्दै आएको छ । यसक्रममा शुक्रवार साँझ ६ बजे मेचीनगर नगरपालिका-१० सोलमिलमा तत्काल नाम थर, वतन नखुलेको तराई मुलको जस्तो देखिने दाहिने हातमा भगिरथ नामको ट्याटु भएको अन्दाजी बर्ष ३५ का पुरुष मृत फेला परेका हुन् । इलाका प्रहरी कार्यालय धुलावारीबाट प्रहरी टोली खटिएर कानुनी प्रकृया पुरा गरी शवलाई प्रादेशिक अस्पताल भद्रपुर पठाएको छ ।

बुधवार मात्र कचनकवल गाउँपालिका वडा न.- ६ बस्ने अन्दाजी ४५ वर्षीय मोहन खड्का मेचीनगरमा मृत भेटिएका थिए । सोही दिन अर्जुनधारामा एक बेवारिसे शव फेला परेको थियो । झापामा एकैदिन ३ जना मृत फेला परेका थिए । अत्यधिक गर्मीका कारण मृत्यु हुनेको संख्या बढेको छ ।

## विश्व रक्तदाता दिवसमा रक्तदान कार्यक्रम

झापा(प्रस)। विश्व रक्तदाता दिवसको अवसरमा भद्रपुरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । वडा प्रहरी कार्यालय भद्रपुर , सामुदायिक सेवा केन्द्र भद्रपुर, सगरमाथा सामुदायिक सिकाई केन्द्र भद्रपुर र चन्द्रगढी युथ क्लबको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाइटी भद्रपुरको सहकार्यमा वडा प्रहरी कार्यालयको प्राङ्गणमा रक्तदान कार्यक्रम संचालन गरिएको हो । उक्त कार्यक्रममा प्रहरी कर्मचारी र अन्य पदाधिकारीहरू समेत गरी ४३ जनाले रक्तदान गरेको वडा प्रहरी कार्यालयका इन्चार्ज प्रहरी निरीक्षक लोककृष्ण दाहालले जानकारी दिएका छन् । रेडक्रस सोसाइटी भद्रपुर उपशाखाका सभापति केदार महतले ८१ औं पटक रक्तदान गरेर सो कार्यक्रमको शुभारम्भ गरेका थिए ।

# एमालेमा हट– हडकम्प !



• प्रा.डा. बद्रीविशाल पोखरेल

पूर्व राष्ट्रपति विद्या भण्डारीले हालै मित्र राष्ट्र चीनको सद्भावना भ्रमण गरिन् । यसले एमालेको सर्वोपरि वृत्तमै हटफेल हुनसक्ने हडकम्प मच्चियो । चिनियाँ विदेश विभागको औपचारिक निमन्त्रणमा एमालेका विदेश विभाग प्रमुख, मन्त्री, माननीय र स्थायी समिति सदस्यसहित १० दिन भण्डारीको उच्च महत्वका साथ चीन भ्रमण भयो । चिनियाँ उपराष्ट्रपति हान चेङले भण्डारीलाई उच्च स्तरको मर्यादापूर्वक सम्मान गरे । विद्या भण्डारीकै प्रमुख आतिथ्यमा चीनको गान्सु प्रान्त जनसरकार र चिनियाँ अन्तराष्ट्रिय समझदारी संघ (आबष) ले आयोजना गरेको कार्यमको प्रमुख अतिथि भइन् ।

यस्ता विशिष्ट महत्वका समारोहमा विद्या भण्डारीको गरिमामय प्रमुख आतिथ्यबाट नेपालकै गौरव र गरिमा बढ्छ । राजनीतिक सान्निध्यता, पूर्व परिचित तथा प्रभावशाली व्यक्तित्वहरु चीनको आँखामा पर्नु स्वाभाविक हुन्छ । एमाले सम्बद्ध उच्च स्तरको नेताका हैसियतले भण्डारीले नेपालका कम्युनिस्टलाई एकताबद्ध गरुन् भन्ने चीनको अन्तर्निहित चाहना पनि स्पष्ट हुन्छ । त्यसैले यो भ्रमणको बहुआयामिक कुटनीतिक अर्थ देखिन्छ । नेपालमाथि गरिने प्रत्यक्ष परोक्ष हस्तक्षेपलाई चीनले आफ्नै देश चीनमाथि गरे सरह मान्छ भनिसकेको छ । यसरी नेपाल विरोधबारे चीन आक्रामक हुने स्पष्ट संकेत पाइन्छ । यसैले चीनले नेपालका बारेमा सूक्ष्म रुपमा अवलोकन गरिरहेको छ । नेपालको अस्थिर र तरल राजनीतिका कारण चीनलाई पर्ने असरबारे चीन पूरै सचेत र सतर्क देखिन्छ । केही वर्षपछि चीन संसारकै पहिलो शक्ति बन्दैछ भने नेपाल हुँदै दक्षिण एशियामा आफ्नो प्रभाव विस्तार गर्ने चीनको योजना रहेको पाइन्छ । प्रसिद्ध पत्रकार तथा लेखक सुधीर शर्माको हिमाल पारिको हुरी पढ्नेले यस सम्बन्धी गुह्य आफैँ थाहा पाउँछन् ।

चीनमा विद्या भण्डारीको अभूतपूर्व स्वागत र सम्मानबाट एकाध विदेशी नेता तर्सिए पनि नेपाली नेता नै किन अताल्लिएका हुन्, अचम्म लाग्छ । जननायक बीपी कोइरालाको उदीयमान प्रजातान्त्रिक समाजवादी तथा राष्ट्रवादी व्यक्तित्वलाई भारतीय नेता नेहरु र इन्दिरा गान्धीले पटक्कै मन पराएका थिएनन् । र उनको अन्तर्राष्ट्रिय छविलाई धुमिल पार्ने प्रयत्न गरेकै थिए । अझ नेपालमा कुनै असल, इमान्दार नेता, व्यक्ति र व्यक्तित्व नै छैन भन्ने भाष्य निर्माण गरेर तमाम नेपालीलाई भड्काइएको छ । जब हामी आफैले आफूलाई सम्मान गर्दैनौँ तब अरुले सम्मान गरिदेला भन्ने आशा गर्नु नै बेकार छ ।

विद्या भण्डारी एमालेको राजनीतिमा आउने चर्चा अहिले अलि व्यापक देखिन्छ । पार्टीका उपाध्यक्ष विष्णु पौडेलले ११ औं महाधिवेशन हुनुभन्दा २ वर्ष अघिदेखि नै पार्टीको उपल्लो तहमा अध्यक्ष बन्ने र बनाउने गुप्तगु खेलको सुराक पाए । यही कुरा पौडेलले विद्या भण्डारीसित गरे । यो कुरा प्रकाशमा आएपछि भण्डारीलाई सोझो लक्षित गरेर अलि होच्याउँदै काम गर्ने क्षमता भए, आँट र अठोट भए र इच्छा भए हामीलाई पो भन्नु पर्‍यो त भन्ने कुरा खुल्ला आयो । जब विद्या भण्डारीले सक्रिय राजनीतिमा आउन तयार रहेको खुल्ला खुलासा गरिन् तबदेखि हडकम्प सुरु भयो । भण्डारीको चीन भ्रमणको कुटनैतिक अर्थ बोध गरेर होला एमालेमा हटफेल हुनसक्ने हडकम्प सुरु भयो । विद्या भण्डारीले देशैभरिको पार्टीको आन्तरिक जीवनका अस्वस्थ्य, अराजक तथा विकृतियुक्त तमाम गतिविधि थाहा पाइन् । त्यसपछि उनले बाध्यताबस पार्टीको सार, साख र सौन्दर्य खस्किन नदिन आफूलाई अगाडि सार्न बाध्य भएको देखिन्छ । यसले एमाले सर्वोच्च तहमा निक्कै खलबली र खलखली पसिना छुटेको अनेरास्ववियुको अधिवेशनको खुल्ला सत्रमा कठोर रुपमा अभिव्यक्त विचारबाट थाहा भयो । ११ औं महाधिवेशनको दुई वर्ष अघिदेखि नै आफूलाई भावी पार्टी अध्यक्ष दावा गर्नु , १५ वर्षसम्म पार्टी अध्यक्ष हुन्छु भन्नु कुन विधि र पद्धति हो भन्ने आम नेता र कार्यकर्ता प्रश्न गर्न थालेका छन् । विद्या भण्डारीलाई देख्दा नै तर्सिनुपर्ने के कारण हो बुझ्न सकिएन पनि भन्छन् ।

अन्तर्वार्ताहरु हेर्दा र सुन्दा विद्या भण्डारी नरममा नरम र कडामा कडा पनि देखिइन् । जिन्दगीका अनेक उतार चढाव शैली र स्वभावसितको साक्षात्कारबाट विद्यामा निक्कै निखार आएको देखिन्छ । उनले एक अन्तर्वार्तामा आफूले आफैँलाई माया गर्न बिर्सिएको समेत बताइन् । विद्याले पार्टी सभापति गिरिजाप्रसाद कोइरालालाई

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।